# निजगढ नगरपालिका

## आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम तथा बजेट वक्तव्य

**१० असार, २०७८**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभा सदस्यज्यूहरू,**

**निजगढ नगरवासी आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१. नेपालको संविधान तथा कानूनमा व्यवस्था भए बमोजिम जननिर्वाचित स्थानीय सरकारको रुपमा प्राप्त कर्तव्य एवं दायित्व पूरा गर्दै आएको निजगढ नगरपालिकाको नगर सभाको आठौं अधिवेशनको यस गरिमामय बैठकमा उपस्थित यहाँहरु सबैलाई हार्दिक अभिवादन गर्दै निजगढ नगरपालिकाको आगामी आ.ब. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म हर्षित छु ।

२. सर्वप्रथम यस सुखद अवसरमा जनताको हक अधिकार, लोकतन्त्र तथा गणतान्त्रिक व्यवस्थाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै, कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाउनु हुने सबै व्यक्तिहरुको चीर शान्तिको कामना गर्दै शोकसंतप्त परिवार तथा आफन्तजनमा हार्दिक सम्वेदना समेत व्यक्त गर्दछु ।

३. "हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटी निर्माण हाम्रो अभियान" भन्ने सामूहिक सोच र प्रतिबद्धताका साथ अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाहरुको तर्जुमा तथा सोको कार्यान्वयन गर्दै सुविकसित तथा समृद्ध प्रविधिमैत्री स्मार्ट निजगढ नगरपालिकाको सपना साकार पार्न निजगढ नगरपालिकाका जनप्रतिनिधिहरु समर्पित

रहेको व्यहोरा सम्पूर्ण आदरणीय निजगढ नगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा म सादर निवेदन गर्न चाहन्छु ।

४. विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट सृजित विषम परिस्थितिको कारणले मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा नै जटिल अवस्था सृजना गरेको छ। यस्तो विशिष्ट र कठिन अवस्थाका कारण स्थानीय सरकारको पनि विकास प्रयासमा असर पुग्न गई आर्थिक तथा अन्य मानवीय संकट उत्पन्न हुन पुगेको अवस्था विद्यमान छ । प्रतिकूल परिस्थितिका बाबजुद सर्वसाधारणको अमूल्य जीवन रक्षार्थ रातदिन अनवरत रुपमा खटिंदै आउनु भएका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, संचारकर्मीहरु, सरकारी/गैर सरकारी संघसंस्था लगायत अन्य सहयोगी मनहरु प्रति म असीम आदर भाव एवं आभार प्रकट गर्न चाहन्छु ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष चालु आ.ब. २०७७/०७८ मा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. कृषि तर्फ यस नगरपालिकाका सबै वडाहरुमा कृषक समूहहरुलाई तरकारी एवं अन्नबालीको बीऊ वितरण, माटो परिक्षण कार्य, साना तथा ठूला सिंचाई संरचना निर्माण तथा मर्मत, कृषि सहकारीहरू मार्फत् विभिन्न कार्यक्रम संचालन भई सम्पन्न गरिएको छ र केही सम्पन्न हुने क्रममा छ ।

६. निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, व्यवसायिक कृषक समूहहरुलाई उन्नत जातका बाख्रा बोका वितरण, गोठ सुधार कार्यक्रम, उन्नत जातका घाँस वितरण कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

७. नगर क्षेत्र भित्र रहेका  निर्माण व्यवसायीहरुको ईजाजत फर्म नबिकरण गर्ने कार्य सम्पन्न भई नियमानुसार ठाउँसारी, नामसारी तथा लगत कट्टा गर्ने कार्य समेत सुचारु गरिएको छ ।

८. महिला उद्ममीहरुलाई प्रोत्साहनका लागि विभिन्न सीपमूलक तथा आय आर्जनका तालिम, स्थानीय हाटबजार ब्यबस्थापनको लागि सेड घर निर्माण, उद्मम विकासका लागि दलित समुदायलाई विभिन्न तालिमहरु प्रदान गरिएको छ ।

९. नगर क्षेत्रभित्रका सबै व्यवसायीहरुलाई करको दायरामा समेट्ने प्रयोजनका लागि व्यवसायीहरुको तथ्यांक अध्यावधिक गर्ने कार्य निरन्तर जारी रहेको छ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा सूचीकृतहरुलाई लक्षित गरी निजगढ नगरपालिकाका केही स्थानहरुमा पैदल मार्ग, सिंचाई  कुलो, नाली निर्माण, नाला सरसफाई जस्ता कार्यक्रमहरु संचालन भइरहेको छ । यसबाट बेरोजगार सूचीमा रहेका सूचीकृत करिब १०० जना लाभान्वित भएका छन् ।

११. नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रको सहयोगमा परम्परागत खाना पकाउने चूलोको प्रयोगलाई क्रमशः कम गर्दै आधुनिक ईन्डक्सन विद्युतीय चूलो वितरण गरिने कार्यक्रम अन्तिम चरणमा रहेको छ ।

१२. चालु आ.ब. २०७७।०७८ को स्वीकृत वडा तथा नगर स्तरीय योजना तर्फका कार्यक्रम अन्तर्गत् ...... वटा योजना सम्झौता भई ........ वटा योजनाहरु सम्पन्न भई सकेको र ... वटा योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन् ।

१३. नेपाल सरकार, शहरी विकास मन्त्रलायको सहयोगमा यस नगरपालिकाका करिब १३० घरधुरीलाई खरको छानो विस्थापित गरी जस्ताको छानो लगाउने कार्यक्रम अघि बढेको छ ।

१४. न्यायिक समिति अन्तर्गत चालु आ.ब. २०७७/०७८ मा नयाँ दर्ता भएका मुद्दा संख्या ....., प्रक्रियामा रही अघिल्लो बर्षबाट जिम्मेवारी सरेका मुद्दा ....... गरी कुल ........ मुद्दाहरु रहेका छन् । यस मध्ये मिलापत्र भएको ...., मिलापत्र हुन नसकेको ...... र प्रक्रियामा रहेको ...... मुद्दाहरु रहेका छन् ।

१५. निजगढ नगरपालिकाका सबै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा विस्तार गर्ने नीति अनुरुप चालु आ.ब. मा वडा नं. १, ५, ८, १० र १२ मा सेवा विस्तार भई नगरपालिकाका सम्पूर्ण वडाहरुमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्था संचालन गरिएको छ । स्वास्थ्य संस्थाहरुको सेवा विस्तार गर्नुका साथै प्रभावकारी र दिगो सेवा प्रवाह कायम गर्न स्वास्थ्य संस्थाहरुको छुट्टै भवन निर्माणको कार्य अघि बढाइएको छ । यस नगरपालिका समेतको समन्वय र सहयोगमा निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा अत्याधुनिक ल्याब सेवा संचालनमा रहेको छ भने अत्याधुनिक डिजिटल एक्सरे मेसिनको व्यवस्थापनको कार्य यसै आ.ब. भित्र सम्पन्न हुने क्रममा रहेको छ ।

१६. नगर क्षेत्रभित्रका अति विपन्न, सीमान्तीकृत समुदायका परिवारहरुको स्वास्थ्य बीमाका लागि कार्यविधि स्वीकृत भई मापदण्ड बमोजिम छनौट भएका परिवारको स्वास्थ्य बीमा गर्ने कार्य कार्यान्वयन हुने चरणमा रहेको छ ।

१७. सुत्केरी महिलाको स्वास्थ्यलाई मध्यनजर गरी जनप्रतिनिधि र स्वास्थ्यकर्मी सहितको टोलीबाट सुत्केरी महिलाको स्वास्थ्य जाँच र पोषणयुक्त खानेकुराका लागि सहयोग गर्ने उद्देश्यका साथ चालु आ.व. मा प्रति सुत्केरी रु ५००।- प्रदान गरिएको छ ।

१८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिँदै चालु आर्थिक बर्ष २०७७।०७८ का लागि समेत आवश्यक व्यवस्थापन गरिएको छ ।

१९. गत बर्ष समेत उपलब्ध गराइएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिंदै यस वर्ष पनि विद्यालयमा दिवा खाजा वापतको रकम उपलब्ध गराइएको छ । त्यसैगरी, विज्ञान प्रयोगशाला निर्माण, विद्यालयमा भौतिक पूर्वाधारको विस्तार कार्यहरु, शैक्षिक जनशक्तिको परिपूर्ति लगायतका विद्यालय सुदृढीकरण कार्यक्रमहरु सम्पन्न भएका छन भने केही यसै आ.ब. भित्र सम्पन्न हुने क्रममा रहेका छन् ।

२०. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कम्प्यूटर हस्तान्तरणका साथै अन्य आवश्यक शैक्षिक सामाग्रीहरु निजगढ नगरपालिकाका विभिन्न विद्यालयहरुलाई उपलब्ध गराइएको छ ।

२१. यस नगरपालिकामा हुने विभिन्न जात्रा, पर्व, उत्सव, सांस्कृतिक संरक्षण तथा प्रबर्द्धनमा अनुदान सहयोग उपलब्ध गराइएको छ । साथै, यस नगरपालिकाका विभिन्न स्थानमा रहेका गुम्वा, मन्दिर, चर्च लगायतका धार्मिक स्थलहरुको भौतिक पूर्वाधार निर्माण कार्य संचालन गरिएको छ ।

२२. पूर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म .. कि.मी. सडक, स्ल्याब ढलान, सडक कालोपत्रे ..........मिटर, सडक स्तरीकरण .... कि.मि., सडक नयाँ ट्र्याक खोल्ने कार्य ......कि.मि. कार्य सम्पन्न भएको छ । त्यसैगरी, खानेपानी पूर्वाधार तर्फ .....वटा, शैक्षिक पूर्वाधार तर्फ .... वटा, पर्यटन पूर्वाधार तर्फ ..... वटा, खेलकुद पूर्वाधार तर्फ .... वटा, गुम्बा निर्माण तर्फ ..... वटा, मन्दिर निर्माण तथा मर्मत तर्फ ..... वटा, तटबन्धन योजना तर्फ

.... वटा, स्वास्थ्य संस्था पूर्वाधार तर्फ ...वटा र अन्य पूर्वाधार तर्फका .... वटा योजनाहरु सम्पन्न भएका छन् ।

२३. यस नगरपालिकामा व्यवस्थित बस टर्मिनल भवन तथा बसपार्क निर्माण कार्यका लागि डिपिआर निर्माणको कार्य सम्पन्न भएको छ । त्यसैगरी, निजगढ-४ स्थित बकैया चेक ड्याम निर्माणका लागि समेत डिपिआर कार्य सम्पन्न भएको छ ।

२३.यस नगरपालिकाका सबै वडाहरुमा ५०० मी. कालोपत्रे सडक निर्माण गर्ने कार्य करिब सम्पन्न भएको छ ।

२४. खेलकूद प्रबर्द्धन तथा साईकलयात्रीहरुलाई सुरक्षित आवागमनको लागि यस नगरपालिकामा १६ कि.मी. लामो साईकल ट्रयाक निर्माणको लागि डिपिआर निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको छ ।

२५. नगरभित्रको फोहोरलाई व्यवस्थित ढंगले व्यवस्थापन गर्न यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत् निजी  कम्पनी सँग सार्वजनिक निजी ढाँचामा सम्झौता सम्पन्न भई कार्य अघि बढाइएको छ ।

२६. चालू आर्थिक वर्षमा सुशासन तथा पारदर्शिताका लागि नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको विवरण आम नगरवासीलाई सम्प्रेषण गर्न यस नगरपालिकाको वेबसाइट तथा सामाजिक संजालबाट अद्याबधिक विवरणहरु सार्वजनिक गरीनुका साथै कार्यालयमा डिजिटल सूचना पाटी जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।

२७. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तालाई चालू आर्थिक वर्षमा अनलाइन प्रणालीसंग आवद्ध गरिएको छ भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अद्यावधिक गर्ने कार्य नियमित रूपमा हुँदै आएको छ।

२८. यस नगरपालिकाको भूमि सम्बन्धी समस्या समाधानका लागि नगर तथा वडा स्तरमा भूमि सम्बन्धी सहजीकरण समिति गठन भई सो समितिहरुले नियमित रुपमा कार्य गर्नुका साथै सबै वडाहरुमा लगत संकलन फारम भर्ने कार्य सम्पन्न हुने क्रममा रहेको छ।

२९. गरीब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम र नगरपालिकाको समग्र प्रोफाइल तयारीका लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न ६ जना गणक र १ जना सुपरभाइजर मार्फत् घरधूरी तथ्याङ्क संकलन गर्ने कार्य भइरहेको र हालसम्म १५ हजार घरको तथ्यांक संकलन भएको छ।

३०. सामाजिक सुरक्षा भत्ता तर्फ कुल...... जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन्।

३१. चालु आर्थिक बर्षको आन्तरिक आय तर्फको अनुमान बमोजिमको लक्ष्य हासिल भएको छ।

३२. निजगढ नगरपालिकाको औद्योगिक विकासको लागि आवश्यक रहेको औद्योगिक ग्राम स्थापनाका लागि उपयुक्त स्थानको चयन तथा डिपिआर निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

३३. यस नगरपालिकाबाट प्रवाह हुने सेवाहरुको लागि .. वटा शाखाहरु १३ वटा वडा कार्यालयहरु १० वटा स्वास्थ्य संस्थाहरु १ वटा पशुसेवा केन्द्रबाट नियमित रुपमा सेवा प्रवाह

हुँदै आएको छ । यसैगरी, यस नगरपालिकाको नगर कार्यपालिकाको हालसम्म ११६ वटा बैठक सम्पन्न भइसकेका छन् भने  चालु आ.ब. मा नगर सभाको २ वटा अधिवेशन सम्पन्न हुने छन् ।

३४. यस नगपालिकाबाट चालु आ. व. मा ... वटा कार्यविधि,   स्वीकृत भई कुल..... वटा ऐन तथा कार्यविधिहरु निर्माण भएका छन् ।

३५. चालु आर्थिक बर्षको यस अवधिमा संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान तर्फ .. प्रतिशत....... प्रदेश सरकार वित्तीय हस्तान्तरण अनुदान तर्फ ..... प्रतिशत ......, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड तर्फ ....... प्रतिशत रु........ र आन्तरिक स्रोत परिचालनबाट......... समेत कुल ...............राजस्व संकलन गर्न सफलता प्राप्त भएको छ ।

३६. त्यसैगरी, चालु आर्थिक बर्षको यस अवधिमा चालु खर्च (प्रशासनिक तथा कार्यक्रम खर्च ) तर्फ ....... र पूँजीगत खर्च तर्फ .......समेत कुल रु.......... प्रतिशत रकम खर्च भएको अवस्था छ

३७. नगर कार्यपालिकाको कार्यालयलाई सेवाग्राहीमैत्री बनाउँदै सेवा प्रवाहमा थप सुधार ल्याउने क्रममा कार्यालयमा आउने सेवाग्राहीहरुलाई डिस्पेन्सर सहितको तातो चीसो पानी तथा निःशुल्क कागती चियाको व्यवस्था मिलाइएको छ । कार्यालय परिसरमा फूल गमला सहितको सौन्दर्यीकरण कार्य सम्पन्न गरिएको छ । कार्यालयको सांगठनिक संरचना अनुसारका सबै शाखा उपशाखा इकाईहरु गठन गरी क्रियाशील बनाइएको छ भने प्रशासनिक काम कारवाही तथा निर्णय प्रक्रियालाई कानून बमोजिम स्पष्ट र व्यवस्थित गरिएको छ ।

३८. निजगढ नगरपालिकाको वडा नं. ९ मा १५ शैय्याको अस्पताल भवन निर्माणका लागि बोलपत्र आव्हान भई बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरी अस्पताल भवन निर्माणका लागि सम्झौता कार्य अन्तिम चरणमा रहेको छ । त्यसैगरी, शहीद हिरालाल मार्गको

सडक तथा नाला निर्माणका लागि समेत बोलपत्र आव्हान भई सो सडक तथा नाला निर्माणका लागि सम्झौता कार्य अन्तिम चरणमा रहेको छ ।

३९. चालु आ.ब. २०७७।०७८ मा आफ्नै वडा कार्यालय भवन नभएका वडा नं. २, ३, १२ र १३ का वडा कार्यालय भवनहरु प्रिफ्याब्रिकेटेड संरचनामा निर्माणका लागि सम्झौता सम्पन्न भई यसै आ.ब. मा सो वडा कार्यालय भवनहरु निर्माण कार्य सम्पन्न हुने गरी कार्य अघि बढाइएको छ ।

४०. निजगढ नगरपालिका क्षेत्र भित्र न्यू भेरियन्ट सहितको कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाद्धारा निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा अटुट अक्सिजन सपोर्ट सहित १५ शैय्याको कोभिड-१९ आइसोलेशन कक्ष संचालनमा ल्याइनुका साथै संक्रमित बिरामीहरुको निःशुल्क औषधि उपचारको व्यवस्था मिलाइएको छ । साथै, सो कक्षमा भर्ना भएका बिरामी तथा बिरामी कुरुवाहरुलाई बिहान बेलुका गरी दुई पटक निःशुल्क खानाको व्यवस्था समेत गरिएको छ । सो कक्षबाट हालसम्म......... जना बिरामीहरुले उपचार सेवा प्राप्त गरीसकेका छन् । निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीका कुरुवाहरुका लागि विश्राम कक्षको निर्माण गरीनुका साथै थप ४ वटा शौचालय समेत निर्माण गरिएको छ । नेपाल सरकारले निर्धारण गरे बमोजिम हालसम्म यस नगरपालिकाका...........जनालाई कोभिड-१९ बिरुद्ध कोभिशिल्ड खोप लगाइएको छ भने ........... जनालाई भेरोसेल खोपको पहिलो मात्रा लगाउने कार्य सम्पन्न भएको छ । निजगढ नगरपालिकाका प्रमुखले साबिकमा सरकारी कामकाजका लागि प्रयोग गर्दै आएको यस नगरपालिकाको सवारी साधन (बा २ झ १२५५) लाई निःशुल्क एम्बुलेन्समा परिणत गरी सो सवारी साधनले हालसम्म यस नगरपालिकाका .....जना व्यक्तिहरुलाई निःशुल्क आपतकालीन तथा एम्बुलेन्स सेवा उपलब्ध गराएको छ ।

४१. जाडोयाममा हुने शीतलहरबाट जोगाउन निजगढ नगरपालिकामा रहेका क र ख वर्गका अपाङ्गता भएका.....जना व्यक्तिहरु तथा ८० बर्ष भन्दा माथिका......जना जेष्ठ नागरिकहरुलाई ब्लाङकेट तथा थर्मस वितरण कार्य सम्पन्न भएको छ ।

३८. उपर्युक्त बमोजिम संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भई आएका कार्यक्रमहरु, समपुरक कोषका आयोजनाहरु, सशर्त योजनाहरु ठेक्का बन्दोवस्ती प्रक्रियाबाट सञ्चालन भई कार्यान्वयनको अन्तिम चरणमा पुगेको र उपभोक्ता समितिबाट सञ्चालित योजनाहरु शून्य पेश्कीको अवधारणा अनुसार रनिङ्ग बिल वा कार्य सम्पन्न पश्चात एकमुष्ठ भूक्तानी हुने हुँदा पूँजीगत खर्चमा विनियोजित अधिकांश योजनाहरु प्राविधिक रुपमा सम्पन्न भई भुक्तानीको चरणमा रहेकोले चालू आर्थिक वर्षको आषाढ मसान्तसम्म पूँजीगत खर्चको लक्षित प्रगति हासिल हुने अनुमान गरिएको छ ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

अब म निजगढ नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३९. नगर क्षेत्रभित्रका कृषि योग्य बाँझो जग्गाहरुको अधिकतम उपभोग गरी सामुहिक कृषि कार्यलाई प्रोत्साहन गर्दै उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दीको कार्यविधि स्वीकृत भइसकेकोमा सो बमोजिमको कार्यहरु अविलम्ब अघि बढाइनेछ । उन्नत बीऊ प्रसारण, किट अनुदान, कृषि औजार उपकरण, कृषिमा यान्त्रिकीकरण र साना सिंचाई सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४०. वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा कोरोना प्रभावित युवाहरुलाई लक्षित गरी कृषिमा आधारित रोजगारीका कार्यक्रम संचालन गरिनेछ । साथै, कृषकहरुलाई कृषि वालीमा क्षतिपूर्ति अनुदान दिने र कृषि फर्ममा अनुदान दिने कार्यक्रम संचालन गरिनेछ ।

४१. नगर कार्यपालिकाको कार्यालयमा थप कृषि तथा पशु प्राविधिक जनशक्तिको व्यवस्थापन गरी प्राविधिक सेवा सर्वसुलभ बनाइनेछ । नगरमा संचालित पशु सेवा केन्द्रहरुको पूर्वाधार विकास र कृषि सेवा केन्द्रको स्थापना गरिनेछ । साथै, माटो परिक्षण कार्य समेत गरिनेछ ।

४२. नमूना कृषि उत्पादन कार्यक्रम मार्फत्  नमूना वडाको रुपमा कार्यक्रम संचालन गरीनेछ । साथै, नगरका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अघि बढाइनेछ । वडा स्तरमा कृषि उपज संकलन एवं कृषि बिक्री केन्द्र निर्माण गरिनेछ ।

४३. कृषि तथा पशु सम्बन्धी तथ्यांक अध्यावधिक गरिनेछ । राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने साना व्यवसायी केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ ।

४४. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायमुखी खेती प्रणालीमा रुपान्तरण गरी कृषकहरुलाई कृषि सामाग्री एवं उपकरणहरु र पशु बीमाका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ । कृषकहरुलाई अर्गानिक खेतीतर्फ उन्मुख गराई व्यावसायिक कृषि खेती प्रणालीमा यन्त्र उपकरणको प्रयोगलाई निरन्तरता दिइने नीति लिइएको छ ।

४५. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिव तथा असहाय समुदायलाई प्रोत्साहन गरिनेछ । बाखाको साना व्यवसायी केन्द्र (पकेट) विकास कार्यक्रम संचालन, उन्नत जातको बाख्रा, गाई प्रबर्द्धन कार्यक्रम, बंगुर प्रबर्द्धन कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

४६. पशु स्वास्थ्य कार्यकर्ताहरुको क्षमता अभिवृद्धिका साथै पशु सेवा केन्द्रको स्तरोन्नति गरी उपचार सेवा तथा औषधिको व्यवस्थापनलाई सर्वसुलभ बनाइनेछ । निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, दुधको खुवा बनाउने विधुतीय मेसिन वितरण कार्यक्रम, व्यावसायिक फर्म

प्रोत्साहन कार्यक्रम, घाँस काट्ने च्याफ कटर वितरण, आकस्मिक तथा संक्रामक रोग नियन्त्रण कार्यक्रम, माछा तथा हाँस उत्पादन कार्यक्रम, मासु पसल स्तरोन्नति कार्यक्रम एवम् युवा लक्षित पशुपालन अनुदान कार्यक्रम संचालन गरिनेछ ।

४७. सहकारी संस्थाहरु, वित्तीय संस्थाहरु र तालिम प्रशिक्षण दिने सरकारी तथा गैरसरकारी निकायहरु समेतको समन्वय र सहकार्यमा उद्यमी पहिचान गरी तालिम दिने र वित्तीय संस्थाहरुबाट सहुलियत दरमा पूँजी उपलब्ध गराउन प्रयास गर्ने र लागत सहभागितामा उद्यमीहरुलाई उपकरण, औजार उपलव्ध गराई एक घर एक रोजगार कार्यक्रम अवलम्वन गरिने छ ।

४८. वैदेशिक रोजगारबाट फर्केका जनशक्ति र नव उद्यमी युवाहरुलाई लागत साझेदारीमा औजार उपकरण सहयोग गरी स्वरोजगार सिर्जना गर्ने नीति लिइनेछ । नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघु उद्यम कार्यक्रम मार्फत् उद्यमशीलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । हस्तकला सामग्रीहरुको उत्पादन, वितरण तथा प्रदर्शनी लगायत कार्यहरुलाई प्रोत्साहन गरिनेछ ।

४९. स्थानीय पर्यटनको प्रबर्द्धन मार्फत् नगरको आर्थिक समृद्धिमा टेवा पुर्याउन आगामी आर्थिक वर्षमा आधुनिक सुविधायुक्त भ्यू टावर, विज्ञान पार्कको निर्माण, जिपलाईन निर्माण गर्ने कार्यलाई अघि बढाइने छ ।

५०. आन्तरिक पर्यटनमा टेवा पुर्याउने तथा निजगढ नगर क्षेत्रको पर्यटन प्रचार प्रसारका लागि पूर्वाधार निर्माण सम्बन्धी कार्यका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

५१. यस नगरपालिका क्षेत्र भित्र रहेको शक्तेश्वर मन्दिरलाई संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिई सो स्थानलाई पर्यटकीय हवको रुपमा विकास गरिनेछ । साथै, अन्य धार्मिक स्थलहरुलाई समेत प्रबर्दन गरिनेछ ।

५२. नगर क्षेत्रमा रहेको पर्यटकीय स्थलको विकास र प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनका लागि निजगढ नगरपालिका वडा नं. ४ स्थित हिरालाल पार्क, गणेशमान मोहोरी पार्कको विकास तथा सौन्दर्यीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

५३. गुणस्तरीय सहकारी सेवा प्रवाह गरी शेयर सदस्यहरुलाई रोजगारी र उद्यमी बनाउन रचनात्मक भूमिका खेल्ने सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ, नयाँ क्षेत्र (विषय) मा सहकारी खोल्न र सहकारी एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गर्न सहकारी सम्बन्धी कानूनहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

५४. सहकारी संस्थाहरुसँगको सहकार्यमा रोजगारमूलक तालिम संचालन गरी रोजगार र आयवृद्धि गर्ने नीति लिइनेछ । व्यावसायिक उत्पादन र बिक्री गर्ने सहकारीहरुलाई यन्त्र तथा उपकरण खरीदमा अनुदान दिने नीति लिईनेछ । साथै, सहकारी संस्थाहरुको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउदै लगिनेछ ।

५५. दिगो विकासको लक्ष्यलाई आधार बनाई वर्तमान परिस्थितिले सिर्जना गरेको असहज परिस्थितिहरुको सामना गर्दै चुनौतीलाई अवसरमा रुपान्तरण गर्न वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी बिशेष गरी आयमूलक र सृजनशील क्रियाकलापमा आबद्ध गरिनेछ ।

५६. नगरपालिका क्षेत्रभित्रको सम्भाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगारी नक्शाङ्कन (Employment Mapping) गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेखांकन गर्ने, बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने, रोजगारयोग्य क्षमता विकासका लागि १० दिनसम्मको जीवन उपयोगी सीप विकास र ४० दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास तालिम (On The Job Training ) संचालन गरिनेछ ।

५७. रोजगारीको खोजीमा रहेका व्यक्ति, सार्वजनिक र निजी दुवै क्षेत्रका रोजगारदाता, रोजगार सेवा प्रदायक तथा सीप विकास तालिम प्रदायक संस्था तथा स्वरोजगार सहायताको विवरण समावेश हुने गरी बृहत प्रकृतिको रोजगार पोर्टलको (Online Software) विकास गरिनेछ ।

५८. सूचीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचय पत्र वितरण गर्नुका साथै विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोगजारीका लागि खटाउने कार्य सहित आगामी आर्थिक बर्ष १०० जना लाई १०० दिनको रोजगारीको ग्यारेन्टी गरिनेछ ।

५९. कृषि क्षेत्रको उद्यमहरुको प्रबर्द्धनको लागि कृषि तथा पशु सेवासंग सम्बन्धित उद्योगहरुको व्यवसाय दर्ता तथा नवीकरण शुल्कमा ५० प्रतिशत छुटको नीतिलाई अघि बढाइनेछ ।

६०. कोभिड-१९ को कारण कार्यालयको नियमित सेवा प्रवाहमा बाधा पुगेको हुँदा आगामी बर्ष करको दररेटमा वृद्धि नगरी दायरा बढाउने नीति सहित चालु आर्थिक वर्षको बुझाउनु पर्ने सम्पत्ति कर, व्यावसाय कर तथा बहाल कर रकम आगामी बर्ष बुझाउन आउँदा लाग्ने जरिवाना मिनाहा सहित व्यावसायी प्रोत्साहन कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

६१. सामुदायिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ । व्यक्तिगत स्वास्थ्य र सरसफाइका विविध पक्ष बारे किशोरीहरुलाई सुसूचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

६२. विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना अभियान कार्यक्रममा सघाउ पुर्याउन सामुदायिक विद्यालयहरुलाई परिचालन गरिनेछ । विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताका लागी नगरको दूर्गम क्षेत्रका शिक्षकहरुलाई थप प्रोत्साहन सुविधा, वालविकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन सुविधा, दिवा खाजा जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६३. सामुदायिक विद्यालयका शिक्षकहरुका लागि नियमित तालिम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीको उत्पादन र वितरणमा जोड दिइनेछ । अनाथ र टुहुराको शैक्षिक अभिभावकत्व नगरपालिकाले लिनेछ ।

६४. सामुदायिक विद्यालयको शैक्षिकस्तर उन्नतिका लागि दण्ड र पुरस्कारको नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

६५. अतिरिक्त क्रियाकलाप संचालन, गणित र विज्ञान शैक्षिक प्रदर्शनी, स्थानीय पाठ्यक्रम निर्माण, विकट क्षेत्रमा संचालित विद्यालयका छात्रछात्राहरुका लागि पोशाक र सामाग्री

वितरण, छात्राहरुका लागि सेल्फ डिफेन्स तालिम, चेपाङ्ग समुदायका बालबालिकाहरुलाई छात्रावास सहितको शैक्षिक सामाग्री सहयोग कार्यक्रमहरु संचालन गरिनेछ ।

६६. नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण र विद्यालयमा स्वच्छ खानेपानी सुविधाका लागि युरोगार्ड जडान कार्यक्रमलाई अघि बढाइनेछ ।

६७. कोभिड-१९ का कारण विद्यालय शिक्षामा परेको प्रभावलाई मध्यनजर गरी बालबालिकाको सिकाइलाई निरन्तरता दिन वैकल्पिक शिक्षण सिकाइको माध्यमबाट अध्ययन अध्यापनका लागि नेपाल सरकारबाट जारी कार्यविधि बमोजिमको कार्यक्रम संचालन गरिनेछ । कोभिड-१९ का कारण बालबालिकामा उत्पन्न भयलाई न्यूनीकरण गर्न मनोपरामर्श सम्बन्धी कार्यक्रममा जोड दिईनेछ र स्वअध्ययन पठन सामाग्रीहरु उपलब्ध गराइनेछ ।

६८. कक्षा ८ को नगर स्तरीय परीक्षा संचालन तथा नतिजा प्रकाशन र शिक्षक तथा कर्मचारीहरुको मासिक रुपमा सिधै सम्बन्धित शिक्षक तथा कर्मचारीको खातामा तलब निकासाको व्यवस्थाको लागि सफ्टवेयरको विकास गरी लागू गरिनेछ ।

६९. अति विपन्न तथा गरीब बालबालिकाहरुका लागि न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदानका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

७०. सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मी सहित सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोशेली सहित भेटघाट गर्ने कार्यक्रम अघि बढाइनेछ ।

७१. सीमान्तीकृत, लोपोन्मुख समुदाय र आर्थिक रुपमा अति विपन्न परिवारको स्वास्थ्य बिमा गर्ने कार्य अघि बढाइनेछ ।

७२. गर्भवती महिलाहरुको स्वास्थ्य जाँच तथा आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न नगर क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

७३. यस नगरपालिकाको समन्वय र सहयोगमा निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा किड्नी डायलासिस सेवाका साथै दीर्घ रोगी बिरामीहरुलाई आर्थिक सहुलियत प्रदान गर्न सुपथ मूल्यको औषधि पसल यथाशीध्र संचालनमा ल्याइनेछ ।साथै, जेष्ठ नागरिकहरुलाई निशुल्क जाँच

७४. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोग (Care and Support ) को कार्यक्रम अघि बढाइनेछ ।

७५. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६. यस नगरपालिकाका वडा नं. १, ५, ८, १०, र १२ मा निर्माणाधीन स्वास्थ्य संस्थाको भवन निर्माण कार्य सम्पन्न गरी नगरका सबै स्वास्थ्य संस्थाका भवनहरुका लागि एकै प्रकारको कलर कोड तोकी रंगरोगन गरिनेछ ।

७७. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न ई-रिपोर्टिंग सिस्टमको विकास गरिनेछ। नगरपालिकामा हाल संचालनमा रहेका स्वास्थ्य संस्थामा ल्याव सेवा लगायत अन्य सेवाको विस्तारमा जोड दिइनेछ।

७८. आकस्मिक तथा विपदका अवस्था र जोखिमपूर्ण स्वास्थ्य समस्यामा परेका व्यक्तिहरुलाई तत्काल स्वास्थ्य सेवाको पहुँचमा ल्याउनका आगामी आर्थिक बर्षमा १-१ थान एम्बुलेन्स तथा शववाहन खरीद गरी सो सञ्चालनमा ल्याइनेछ।

७९. बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि आँखा जाँच कार्यक्रम र आँखाको नानी संकलन तथा रतन्धो रोग निवारणका लागि (Eye Clinic) कार्यक्रम संचालन गरिनेछ।

८०. आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निःशुल्क वितरण गर्ने भनी तोकेको औषधिहरु सहज र सरल रुपमा उपलब्ध गराइनेछ।

८१. कोभिड-१९, सर्ने तथा नसर्ने रोगहरु लगायत अन्य विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीको लागि स्वास्थकर्मीहरुको पर्याप्त परिचालन गरिनेछ। साथै, कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा अग्रस्थानमा रही सेवारत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको मनोबल उच्च राख्न खाना खाजा तथा प्रोत्साहन सुबिधाको हालको व्यवस्थालाई कायम राखी निरन्तरता दिइनेछ।

८२. यस नगरपालिकाभित्र स्थायी बसोबास भएका नगरवसीहरुमा कोभिड-१९ को संक्रमण भई मृत्यु भएमा निजको परिवारलाई राहत स्वरूप प्रति परिवार रु.३१ हजार आर्थिक सहायता उपलब्ध गराइनेछ ।

८२. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत् यस नगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च लगायत आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत् आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी प्राथमिक उपचारबारे अभिमुखीकरण तालिम र अन्य क्षमता विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८३. खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी जनचेतना तथा फोहोर व्यवस्थापन, वर्गीकरण र न्यूनीकरण सम्बन्धी समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

८४. नगर क्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा तथा धरोहरहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ । विभिन्न सांस्कृतिक समूहका बाजा, भेषभुषा र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ । होम स्टेको विकास र प्रबर्द्धनका लागि कार्यक्रम संचालन गरिनेछ ।

८५. बौद्ध तथा जनजाति समूहहरुको उत्थानको लागि नगरका उपयुक्त स्थानमा संग्रहालय स्थापनाका लागि थप पहल गरिनेछ ।

८६. युवाहरुलाई खेलक्षेत्र तर्फ आकर्षित गर्दै विकृति विसंगतिमुक्त समाज निर्माण गर्न, खेलकूद क्षेत्रको समुचित विकास गर्न खेल मैदान तथा उद्यानहरुको पूर्वाधार विकासमा जोड दिइनेछ ।

लागू पदार्थ विरुद्धको अभियान लगायत युवाहरुको सकारात्मक परिचालनका लागि युवा क्लवहरुको गठन, क्षमता विकासमा विशेष जोड दिइनेछ ।

**८७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, फुटबल प्रतियोगिता, शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता सहित खेलकुद प्रतियोगिता आयोजनामा सहकार्य तथा खेलाडी सम्मान एवं पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**

८८. निजगढ नगरपालिकामा संघ/प्रदेश सरकार समेतको सहयोग/सहकार्यमा आगामी आर्थिक वर्षभित्र प्याराफिटसहितको अत्याधुनिक रंगशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको निर्माण कार्य अघि बढाइनेछ । साथै, निजगढ ४ स्थित कभर्ड हलको सम्पूर्ण निर्माण कार्य आगामी बर्ष सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

८९. अल्पसंख्यक सीमान्तीकृत समुदायको संरक्षण सशक्तिकरण र विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्दा लक्षित वर्गलाई विशेष प्राथमिकता दिइनेछ ।

९०. महिला सशक्तिकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि नगरपालिकाभित्र रहेका विभिन्न संघ संस्थाहरुको सामाजिक परिचालनलाई थप प्रभावकारी बनाउँदै महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण एवं लैंगिक समानता अभिवृद्धि गर्नको लागि वडा र नगरस्तरमा जागरण समूहहरु गठन गरिनेछ ।

९१. बालमैत्री स्थानीय शासन अवधारणा अवलम्बन कार्यान्वयन तथा घोषणा गर्न बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,

कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ । नगर कार्यापालिका कार्यालयमा बालमैत्री पूर्वाधारहरुको निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९२. नगरपालिकाभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनालाई महिलामैत्री, बालमैत्री, अपांगमैत्री एवं ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

९३. **ज्येष्ठ नागरिकहरुमा भएको ज्ञान, सीप, अनुभव आदानप्रदानका लागि कार्यक्रम सञ्चालन गरिनेछ । बालगृह, वृद्धाश्रम लगायत अन्यत्र संस्थामा रहेका परिवारमा पुनर्स्थापना गर्न सकिने व्यक्तिहरुलाई क्रमशः पुनर्स्थापना गर्दै यस्ता संस्थाहरुको संख्या घटाउँदै जाने नीति अवलम्बन गरिनेछ ।**

९४. नगरक्षेत्र भित्रका अभिभावकविहीन बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्दै उनीहरुको लागि वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ ।

९५. कार्यक्रम सञ्चालन गर्दा एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई विशेष प्राथमिकता दिइनेछ । अपांगता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण तथा अध्यावधिक सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुसँग सम्बन्धित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन वडा र नगरस्तरमा संजाल, समन्वय समिति एवं समूहहरु गठन गरी परिचालन गरिनेछ ।

९६. विपद् तथा जोखिममा परेका महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि नगरस्तरीय संरक्षण क्षेत्र अविलम्ब गठन गरी सोको प्रभावकारी परिचालन गरिनेछ ।

९७. वैदेशिक रोजगारमा आबद्ध कामदार तथा तिनका परिवारलाई उचित संरक्षण गरी वैदेशिक रोजगार सँग सम्बन्धित निकायहरुको क्षमता अभिवृद्धि मार्फत् वैदेशिक रोजगारको प्रतिफल वृद्धि गरिनेछ ।

९८. नगरपालिकाभित्र को छुवाछुत तथा कुनै पनि किसिमको विभेदलाई पूर्णरुपले निषेध गरिनेछ । यस सम्बन्धी अभियान समेत सञ्चालन गरिनेछ ।

९९. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढिकरणमा जोड दिईनेछ ।

१००. सरोकारवालाहरुको समेत सहभागितामा बजार ब्यबस्थापन र अनुगमनलाई थप प्रभावकारी र नियमित बनाइनेछ । खाद्य बस्तुको गुणस्तर परिक्षण गर्न खाद्य प्रयोगशालाको स्थापनामा जोड दिइनेछ ।

१०१. स्थानीय विकासमा संचार क्षेत्रको महत्वपूर्ण भूमिकालाई मूल्यांकन गर्दै यस नगरपालिका क्षेत्रभित्र क्रियाशील संचारकर्मी/पत्रकारहरुको उपचार कोष, क्षमता अभिवृद्धि, दुर्घटना बीमा लगायतका विभिन्न कार्यक्रमहरु नेपाल पत्रकार महासंघ जिल्ला शाखासँग समन्वय गरी संचालन गरिनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

१०२. एकीकृत ढंगबाट सन्तुलित र दिगो विकासका लागि आवधिक योजना तर्जुमा गरी योजनावद्ध रुपमा नगरको विकास गर्न आगामी आर्थिक बर्षमा नगरको वस्तुस्थिति विश्लेषण

सहितको आवधिक योजना तजुर्मा गर्नुका साथै नगर यातायात गुरुयोजना, भूउपयोग योजना लगायतका आवधिक क्षेत्रगत योजनाहरु तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०३. नगरका विभिन्न वर्ग, समुदाय र जातजातिहरुको उत्थान, विकास र सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्नुका साथै प्रत्येक वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्दा वडा कार्यालयको सेवा प्रवाह सहित बहुउदेश्यीय रुपमा प्रयोग हुने भवन निर्माण गर्दै जाने नीति लिईनेछ । आगामी आर्थिक बर्षभित्र आफ्नै वडा भवन नभएका वडाहरुमा प्रिफ्याब्रिकेटेड संरचनामा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०४. निजगढ खानेपानी व्यवस्थापन बोर्डसंग सहलगानी कार्यक्रम अन्तर्गत् नगरपालिकाभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति लिइनेछ ।.........................................................................।।।

१०५. नगर क्षेत्रको यातायात व्यवस्थापनलाई सुरक्षित, भरपर्दो एवम् प्रभावकारी बनाउन व्यवस्थित बस टर्मिनल भवन निर्माण कार्यको थालनी गरिनेछ ।

१०६. नगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माण सम्बन्धी योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चित गर्न आधुनिक प्रविधिमैत्री टेष्ट ल्याब स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१०६. नगरपालिका भित्रका सरकारी सार्वजनिक तथा पर्ती जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगा पार्क तथा जेष्ठ नागरीक मैत्री पार्कहरु र खुल्ला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

१०७. नगरपालिकाभित्र सार्वजनिक यातायातलाई सुरक्षित र भरपर्दो बनाउन सडक सुरक्षासंग सम्बन्धित ५ रणनैतिक स्तम्भहरु (सडक सुरक्षा व्यवस्थापन, सुरक्षित सडक तथा गतिशीलता, सुरक्षित सवारी वाहन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चातको प्रतिक्रिया र कारबाही) मा आधारित मापदण्ड तयार गरी जिल्ला ट्राफिक प्रहरी कार्यालयसंग समन्वय तथा सहकार्य गरिनेछ ।

१०८. निजगढ नगरपालिकाका जोखिमपूर्ण स्थानमा रहेका मानव वस्तीहरुलाई संघीय र प्रदेश सरकारको समन्वय र सहयोगमा नगरको उपयुक्त स्थानमा वस्ती स्थानान्तरण गर्न आवश्यक पहल गरिनेछ ।

१०९. साविकमा नगर विकास समितिबाट थालनी गरिएका जग्गा विकास सम्बन्धी परियोजनाहरुको अधुरा पूर्वाधार निर्माणका कामहरुलाई क्रमशः कार्यान्वयन गरिनेछ ।

११०. साविकमा विभिन्न वडाहरुमा सुरु गरिएका भूमिगत सिंचाई सम्बन्धी आयोजनाहरुको बाँकी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिई निरन्तरता दिइनेछ तथा अन्य आवश्यक स्थानहरुमा भूमिगत सिंचाइको व्यवस््था गर्दै लगिनेछ।

१११. संघीय सरकार, प्रदेश सरकार र अन्य विभिन्न संघसंस्थाहरुसंग लागत साझेदारीमा संचालन हुने पूर्वाधार विकास कार्यक्रमका लागि आगामी वर्ष पनि समपुरक कोषको व्यवस्था गरिनेछ ।

११२. संघीय तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण एवं अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने अनुदानबाट संचालन हुने भौतिक पूर्वाधार आयोजनाहरुलाई तोकिएको समयमा गुणस्तरीय रुपमा सम्पन्न गर्ने नीति लिईनेछ ।

११३. पानीको मुहान सुक्दै जाने तथा पानीको सतह घट्दै जाने समस्याले पर्यावरणीय क्षेत्रमा पार्नसक्ने दिगो संकटलाई मध्यनजर गरी पानीको सतह रिचार्ज गर्न अन्य सरोकारवाला निकायहरु सँग समेत समन्वय गरी विभिन्न स्थानमा Water Recharge Pond हरु निर्माणमा जोड दिइनेछ ।

११४. नगर क्षेत्रभित्रका खहरे तथा नदी कटान नियन्त्रणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लगायत अन्य निकायसंग समेत समन्वय गरी आवश्यक संरक्षण सम्बन्धी कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

११५. स्वच्छ वातावरण, स्वस्थ जीवनलाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, फोहोर पानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन र उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकिकृत कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

११६. सफा, हरियाली, फूलैफूलको सहर भन्ने नारालाई सार्थक बनाउन शहरी क्षेत्रमा हरियाली प्रबर्द्धन कार्यलाई थप प्रभावकारी बनाइनेछ । सडक स्तरोन्नति (पिच, कंक्रिट ढलान) को योजनामा सडकका दायाबायां किनारामा वृक्षारोपण गर्ने कार्यलाई योजनाको लागत अनुमानमा नै समाबेश गरी सम्बन्धित उपभोक्ताहरुलाई सोको संरक्षणमा जिम्मेवार बनाइनेछ । नगरका मुख्य बजार क्षेत्रहरुमा गमला सहितको फुलको बिरुवा रोप्ने अभियान, क्यारी निर्माण गर्ने अभियानलाई निरन्तरता सहित एक घर दुई फलफुलको विरुवा अभियानलाई वडा तहमा संचालन गर्न आवश्यक विरुवा उपलब्ध गराइनेछ । साथै, भवन निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्दा कम्तीमा २ वटा बहुबर्षीय विरुवा हुर्काएको हुनुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

११६. दिगो विकास लक्ष्यको जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरुद्ध लड्न विभिन्न जनचेतना कार्यक्रम गरिनेछ । त्यस्तै, विपद व्यवस्थापनका लागि सामुदायिक खोज तथा उद्धार (CSAR) तथा प्राथमिक उपचार प्रारम्भिक द्रुत लेखाजोखा (IRA), IRA Training Mobile App तथा कृत्रिम घटना अभ्यासमा क्षमता अभिवृद्धि, Warehouse गठन, प्रमुख प्रकोपहरुको निरन्तर अनुगमन प्रणाली (Real Time Observation System) स्थापना गरिनेछ ।

११७. आकाशे पानी संकलन, शुद्धिकरण तथा भण्डारण (Rain Water Harvesting System) लाई प्रबर्द्धन गरिनेछ । नयाँ बन्ने घरहरुमा पानी संरक्षणका लागि कुनै एक प्रविधि अनिवार्य अवलम्बन गर्ने व्यवस्था गरिनेछ ।

११८. विभिन्न नदी, खहरे, भूमिगत जल तथा अन्य प्राकृतिक स्रोतको अध्ययन तथा व्यवस्थापन गरिनेछ ।

११९. नगर भित्रको अन्तिम फोहर विसर्जन केन्द्रको उचित व्यवस्थापन गरिनेछ । अन्तिम फोहोर विसर्जन केन्द्रलाई पार्कको रुपमा विकसित गरिनेछ । यस नगरपालिकाको उपयुक्त स्थानमा ल्याण्डफिल साइट निर्माण गरिनेछ ।

१२०. जैविक फोहोर व्यवस्थापन गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम मार्फत निजी क्षेत्रको सहकार्यमा नगर क्षेत्रको कुहिने फोहोर सत प्रतिशत प्रयोगमा ल्याई ग्याँस उत्पादन कार्यका लागि जैविक फोहोरबाट ग्याँस (Waste to Energy) उत्पादन गर्ने कार्य अघि बढाइनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

**नगर सभा सदस्यज्यूहरु,**

१२१. निजगढ नगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्किने डिजिटल नगर पार्श्वचित्र (City Profile) निर्माण गर्ने कार्य पूरा गरी यस नगरपालिकाबाट प्रदान गरिने सेवा, कार्यान्वयन गर्नुपर्ने विकास योजनाहरु तथा प्राथमिकता दिनुपर्ने क्षेत्रलाई बोधगम्य, दिगो विकासमैत्री र वस्तुगत बनाइनेछ ।

१२२. सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित गर्न संघीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत् आगामी आ.ब. मा हालसम्मको व्यक्तिगत घटना दर्ताका किताव डिजिटाइजेशन कार्य सम्पन्न गरी सकिनेछ । साथै, सेवा प्रदायक संस्था मार्फत् घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर र पूर्ण घटनादर्ता सुनिश्चित गर्न Post Registration Camp सञ्चालन गरिनेछ ।

१२३. नगरको एउटा वडालाई नमूना Digital Ward को रुपमा विकास गरी घर मै बसी सेवा लिन सकिने गरी सेवा प्रवाहलाई सहज, सरल र क्रमशः विद्युतीय बनाउदै लगिने नीति लिईनेछ।

१२४. यस नगरपालिकाबाट प्रदान गरिने सेवालाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाई नागरिकको सरकारी सेवाप्रति अपनत्व जगाउन नमूनाको रुपमा आगामी आर्थिक वर्षदेखि एकीकृत घुम्ती सेवा सञ्चालनमा ल्याइनेछ ।

१२५. नगरवासीहरुको नागरिक अधिकारलाई मध्यनजर गरी वेवसाईट तथा मोवाईल एप्सको माध्यमबाट सेवा तथा सूचना लिन सक्ने व्यवस्था मिलाइनेछ ।

१२६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसंगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

१२७. निजगढ नगरपालिकाको संगठन संरचनालाई कार्यबोझ र आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मुल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकास, सामयिक बढुवामा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी, सक्षम र उत्प्रेरित बनाइनेछ ।

१२८. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न कार्यबोझ र कार्यप्रकृतिको आधारमा शुरु तलब स्केलको २५ प्रतिशतले हुन आउने थप रकम सुविधा वापत उपलब्ध गराइनेछ । यसरी प्रोत्साहन सुविधा उपलब्ध गराउँदा अन्य स्थानीय तहहरुले उपलब्ध गराएको प्रोत्साहन सुविधा मापदण्ड समेतलाई आधारको रुपमा लिइनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

१२९. आगामी आर्थिक वर्षभित्र कानून बमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३०. गत विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरुजु लगायत अन्य बेरुजुहरुको अद्यावधिक जानकारी तथा अभिलेखीकरण गरी पेश्की तथा बेरुजै फछ्र्यौट कार्यालाई तीव्रता दिइनेछ ।

१३१. अब म यस गरिमामय नगर सभा समक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०७८/७९ को बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु र बार्षिक योजना तथा बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु निम्नानुसार रहेका छन् :-

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

(च) संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रमहरु

(छ) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका

(ज) संघीय प्रादेशिक र स्थानीय तहको आबधिक विकास योजनाहरु र श्रोत साधन

(झ) नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु

(ञ) संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु ।

१३२. योजना, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न बिषयहरुलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, बातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(ञ) कोरोना रोकथाम, नियन्त्रण र उपचारमा योगदान पुर्याउने

(ट) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु

**नगरसभाका अध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**पूर्वाधार विकास तर्फः**

१२१. ..........................................................................................

१२२. ...................................................................................

१२३. संघीय सरकार, प्रदेश सरकार एवं अन्य संघसंस्थाहरुसंगको साझेदारीमा संचालन हुने योजनाहरुको कार्यान्वयनका लागि समपुरक कोष अन्तर्गत् रु. ……… करोड बजेट विनियोजन गरिएको छ।

१२४. नगरवासीलाई स्वच्छ खानेपानी, निजगढ खानेपानी वोर्डसंग सहलगानी कार्यक्रमका लागि रु. …………… विनियोजन गरिएको छ।

१२५. …………………………………………………………..विनियोजन गरिएको छ।

**आर्थिक विकास तर्फ:**

१२६. ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन, मूल्य श्रृंखला कार्यक्रम, कृषि ईन्जिनियरिङ्ग प्रवर्द्धन कार्यक्रम, बिउबिजन वितरण कार्यक्रम लगायतका कृषि क्षेत्र प्रबर्द्धनका लागि रु. ………………………………….. बजेट विनियोजन गरिएको छ।

१२७. खोर सुधार, गोठ *सुधार, गाईपालन, बंगुरपालन, बाखापालन, युवा लक्षित पशुपालन, पशु आहार घाँस वितरण, औषधि खरीद, बिऊको राँगा वितरण, बिऊको वर साँढे वितरण, बोका वितरण लगायत पशु सेवा सम्बन्धी कार्यक्रमका लागि रु …………………… विनियोजन गरिएको छ।

१२८. कृषि विकास, पशु सेवा उद्योग प्रबर्द्धन, पर्यटन विकास र सहकारी प्रबर्धन समेत आर्थिक विकास क्षेत्रतर्फ जम्मा रु. …………………. बजेट विनियोजन गरिएको छ

**<u>सामाजिक विकास तर्फ:</u>**

१२९. ………………………………………………………………… विनियोजन गरिएको छ।

१३०. सामुदायिक विद्यालयमा कार्यरत बालबिकास सहयोगी कार्यकर्ता प्रोत्साहनमा रु. ………………………… र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापनमा रु…………………… विनियोजन गरिएको छ ।

१३१. नमुना विद्यालय सहितको विद्यालय भौतिक पूर्वाधारका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रु. ………………………….. विनियोजन गरिएको छ ।

१३२. सामुदायिक बिद्यालयका छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रु. ……………….. विनियोजन गरिएको छ ।

१३३. दक्ष जनशक्ति र उपकरण सहित शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि रु. ……………………विनियोजन गरिएको छ ।

१३३. कोरोना रोकथाम नियन्त्रण र उपचार कोष एवं विपद व्यवस्थापन कोषका लागि रु.२ करोड ५० लाख विनियोजन गरिएको छ ।

१३४. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुविधा, यातायात खर्च लगायतका बिबिध कार्यक्रमका लागि रु……………….लाख विनियोजन गरिएको छ ।

१३५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० जना विपन्न श्रमिकको १०० दिनको रोजगारीको ग्यारेन्टी सहितको ज्यालाका लागि रु……………….. विनियोजन गरिएको छ।

१३६. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत खेलकूद प्रबर्द्धन, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता कार्यक्रम र सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्पन्न गर्न सामाजिक विकास क्षेत्रतर्फ रु. ……………………………………. विनियोजन गरिएको छ ।

**<u>वातावरण तथा विपद् व्यवस्थापन तर्फ</u>:**

१३७. नगरलाई सफा, हरियाली, फूलैफूलको सहर बनाउन रु .............. लाख विनियोजन गरिएको छ ।

१३८. अन्तिम फोहोर बिसर्जन केन्द्र सुधार तथा पार्क निर्माण र फोहर पानी प्रसोधन केन्द्र संचालनका लागि रु. ....................लाख विनियोजन गरिएको छ ।

१३९. नगरपालिकामा विभिन्न ढल तथा नाला निर्माणका लागि रु. १ करोड विनियोजन गरिएको छ ।

१४०. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत सरसफाई तथा फोहर ब्यबस्थापन, विपद् ब्यबस्थापन र वातावरण संरक्षण समेतका कार्यक्रम सम्पन्न गर्न वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ रु. .................................... विनियोजन गरिएको छ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह् र सुशासन तर्फ</u>:**

१४१. नगरको अत्याधुनिक डिजिटल पार्श्वचित्र ( Digital City Profile ) तयार गर्न रु............. विनियोजन गरिएको छ ।

१४२. घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालनका लागि रु. ................ विनियोजन गरिएको छ ।

१४२. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत संस्थागत क्षमता विकास, सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्यांक संकलन र

अभिलेख व्यवस्थापन र सुशासन समेतका आयोजना तथा कार्यक्रम सम्पन्न गर्न संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ रु. ………………… लाख विनियोजन गरिएको छ ।

१४३. दैनिक कार्यालय सञ्चालनका लागि तलब, भत्ता लगायत अन्य प्रशासनिक खर्चका लागि रु. १४ करोड ५७ लाख ५० हजार विनियोजन गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४४. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कुल जम्मा रु. ………………..विनियोजन गरिएको छ ।

१४५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ……………………………… राजस्व बाँडफाँडबाट ……………………………… प्रदेश सरकारको विभिन्न अनुदानबाट ………………………………, सङ्घीय सरकारको अनुदानबाट ………………………………र चालु वर्षको आषाढ मसान्तसम्म खर्च नभई बचत रहेको राजस्व रकम ……………………………… व्यहोरिने छ ।

१४५. यस नगरपालिकालाई नगर सभा पश्चात् सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले आगामी आर्थिक वर्षमा ती कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछौ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१४६. यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ तथा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ यस सम्मानित सभामा पेश गरेको छु ।

१४७. हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत् स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएका छौं ।

१४८. कोभिड-१९ को संक्रमणको क्रम कहिलेसम्म रहने भन्ने अवस्थाको आंकलन गर्न सकिने अवस्था छैन । लामो समयको लकडाउनका कारण संघ, प्रदेश र स्थानीय तिनै तहको चालु बर्षको राजस्व संकलनमा प्रक्षेपण गरे बमोजिमको उपलब्धि हासिल हुन सकेको अवस्था छैन । यस्तो अवस्थामा नगरपालिकाले लगाएका आय ठेक्का लगायत अन्य सम्झौताहरुमा कबुल गरे बमोजिमको राजस्व उठन नसक्ने भएकोले कानूनी जटिलता पनि फुकाउनु पर्ने हुनसक्छ । यस्तै अवस्था कायम रहदै गएमा आगामी बर्ष पनि हाम्रो सामु कोभिड १९ को चुनौती र यसले पर्ने प्रभावको सामना गर्नुपर्ने अवस्था आउन सक्ने देखिन्छ । हामी सबैको साथ, सहयोग र सहकार्यलाई थप प्रभावकारी बनाउन सकेमा ती समस्या र चुनौतीहरुलाई सजिलै पार गर्न सक्नेछौ भन्ने कुरामा कसैको दुईमत नहोला । कोभिड-१९ को चुनौतीलाई शक्तिमा परिणत गरी यी नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट योगदान हुने विश्वास लिएका छौं ।

१४९. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने यस नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका संयोजक तथा सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजिवी, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई निजगढ नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौं ।

धन्यवाद ।